Standard Chartered

Standard Chartered Bank Nepal Limited

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ. व. २०७५–०७६

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
# ३३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**मिति २०७६ कार्तिक २९ मा बसेको यस बैंकको संचालक समितिको ३८८औं बैठकले निर्णय गरे अनुसार यस बैंकको ३३औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**सभा हुने मिति, समय र स्थानः**

| | |
|---|---|
| **सभा हुने मिति** | **: २०७६ मंसिर २३ गते (९ डिसेम्बर २०१९), सोमबार** |
| **सभा सुरु हुने समय** | **: दिउँसो १:०० बजे ।** |
| **स्थान** | **: आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौं ।** |

सभा ठीक समयमा सुचारु रुपले संचालन गर्नको लागि उपस्थिति पुस्तिका बिहान १०:३० बजे देखि खुला राखिने छ ।

**छलफलको विषयः**

**क. सामान्य प्रस्तावः**

१. आर्थिक वर्ष २०७५/०७६ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२२.५० (अक्षेरुपी बाईस रुपैयाँ पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण गर्न लेखापरीक्षण समिति तथा संचालक समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वहालवाला लेखापरीक्षकको ३ वर्षको अवधि समाप्त भएकोले पुनः नियुक्तीको लागि योग्य नरहेको)

**ख. विशेष प्रस्तावः**

१. बैंकको नियमावलीको नियममा समसामयिक संशोधन/थप गर्ने ।

**ग. विविध ।**

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा प्रयोजनको लागी बैंकको शेयर दाखिल खारेज मिति २०७६ मंसिर ९ देखि मंसिर २३ (तद्नुसार २५ नोभेम्बर २०१९ देखि ९ डिसेम्बर २०१९) सम्म बन्द रहने छ ।**

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनीहरुले प्रवेश-पत्र वा बैंकको शेयर **अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाताको विवरण (Statement) (डि. पि. नम्बर तथा ग्राहक नम्बर)** वा आफ्नो कुनै **एक सक्कल शेयर प्रमाण-पत्र** साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं ।

२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको शेयर शाखा, नयाँ बानेश्वर, काठमाण्डौंमा सभा शुरु हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ ।

३. प्रतिनिधि नियुक्त गरी सक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछन् ।

४. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।

५. शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएका सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेखी सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै बैंकको मुख्य कार्यालय, नयाँ बानेश्वरमा दर्ता गरेको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरुलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर हुनेछन् ।

६. नाबालक वा मानसिक रुपले अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन सक्नु हुनेछ । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

७. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएमा तथा प्रतिनिधि-पत्र (प्रोक्सी) मा शेयरधनीको हस्ताक्षर यस बैंकको शेयरधनी रेकर्ड अनुसार नमिलेको अवस्थामा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु स्वतः बदर हुने छन् ।

८. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

**द्रष्टव्यः** बैंकको संक्षिप्त वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई हुलाक/कुरियर वा इमेल मार्फत् पठाईनेछ । कारणवश उक्त प्रतिवेदन प्राप्त हुन नसकेमा बैंकको नयाँ बानेश्वर, काठमाण्डौ स्थित शेयर विभाग वा बैंकका सबै शाखाहरुबाट प्राप्त गर्न सकिनेछ । बैंकको वार्षिक प्रतिवेदन भने बैंकको शेयर विभाग वा साधारण सभा स्थलबाट नै शेयरधनीलाई प्रदान गर्ने व्यवस्था मिलाईने छ । साथै साधारणसभासँग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट **https://www.sc.com/np/investor_relations/en/** मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

# आदरणीय शेयरधनी महानुभावहरू

**बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनाका साथ संलग्न गरी पठाइएको छ । साथै कम्पनी ऐन (पहिलो संसोधन), २०६३ अनुसारको वार्षिक वित्तिय विवरण, वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले बैंकको शेयर विभाग वा साधारण सभा स्थलबाट प्राप्त गर्न सक्नु हुने व्यहोरा अनुरोध गर्दछौं ।**

## आ.व. २०७५/०७६ को संक्षिप्त वार्षिक वित्तिय विवरण :

### संचालक समितिको प्रतिवेदन

***प्राथमिकतायुक्त परिवर्तित रणनीति मार्फत दिगो वृद्धि हासिल गर्ने ।***

बैंकको संचालक समितिको तर्फबाट यो प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित छु । बैंकले आर्थिक बर्ष २०७५/०७६ मा अर्को एकपटक उत्कृष्ट कार्यसम्पादन गरेको जानकारी गराउन पाउँदा मलाई त्यति नै खुसी पनि लागेको छ । दिगो वृद्धि हासिल गर्ने सम्बन्धमा बैंकले आत्मसात् गरेको नवीन रणनीतिक प्राथमिकताको माध्यमबाट प्राप्त प्रगतिले गर्दा लागत र पूँजीलाई सन्तुलनमा राख्दै सुरक्षित तथा दिगो वृद्धि गर्दै आफ्ना ग्राहक तथा समूदायसँग सहकार्य गरी हामी निरन्तर रुपमा समाजलाई टेवा पुचाउन सफल भएका छौं ।

हाम्रो समूहको नवीन प्राथमिकताहरु हाम्रा फराकिला संजाल तथा समृद्ध ग्राहक व्यवसायहरुमा लगानी गरी वृद्धिलाई बढावा दिने, कम प्रतिफल प्राप्त हुने बजारमा आफ्नो उपस्थिति बढाउने, उत्पादकत्व वृद्धि गर्ने तथा डिजिटल प्रविधि मार्फत् रुपान्तरण गर्ने कार्यमा केन्द्रित छन् । यसको जगमा आचरण र दिगोपनालाई बढावा दिने कार्यसम्पादनमूलक तथा सिर्जनशील संस्कृति रहेको छ ।

शेयरधनीहरुलाई दीर्घकालीन रुपमा दिगो प्रतिफल तथा सुदृढ र स्थीर व्यवसाय सिर्जना गर्न स्ट्याण्डर्ड चार्टर्ड नेपालले स्ट्याण्डर्ड चार्टर्ड समुहका रणनीतिक प्राथमिकताहरुलाई मार्गनिर्देशनको रुपमा समाहित गरेको छ । शेयरधनीहरुलाई प्रदान गरिने प्रतिफलको महत्व संचालक समितिले मनन गरेको छ र आयको अवस्था, नियामक व्यवस्था अनुसार कायम गर्नुपर्ने पूँजी पर्याप्तता र पछिल्लो समयमा जारी भएको मौद्रिक नीतिले तोकेको विभिन्न नियमनकारी Capital Buffers लाई आधार मानी संचालक समिति शेयरधनीलाई स्थीर किसिमको प्रतिफल दिन सक्ने अवस्थामा रहन प्रयत्नशील रहेको छ । संचालक समितिले उल्लेखित व्यवस्थाहरुलाई मध्यनजर गर्दै शेयरधनीहरुलाई यस बर्ष प्रदान गरिने लाभांश प्रस्ताव गरेको छ । हाम्रो प्राथमिकता भनेकै जोखिम वहन क्षमता भित्र रहेर नाफा मूलक र दिगो विकासका लागि पर्याप्त पूँजी, अत्यधिक तरलता सहितको विविधता युक्त वासलात कायम राख्नु हो । यो एक महत्वपूर्ण यात्रा हो जस मार्फत सशक्त एवम् दिगो व्यवसायको लागि आधार निर्माण गर्ने विषयबाट हाम्रो ध्यान कदापी मोडिनु हुँदैन ।

हाम्रा प्राथमिकताहरुका आधारमा मध्यम तथा दीर्घकालीन रणनीतिहरु कार्यान्वयन गर्न विद्यमान व्यवस्थापन समूह सक्षम रहेको कुरामा संचालक समिति विश्वस्त छ । जनशक्तिको विविधता तथा सबल प्रतिभाको साथले हामीलाई बजारको उत्कृष्ट ब्राण्डको रुपमा कायम रहन मार्ग प्रशस्त गर्नुका साथै समुदायलाई सहभागी गराउँदै उत्कृष्टताको संस्कृतिलाई निरन्तरता प्रदान गर्दै आइरहेको छौं । हाम्रो ब्राण्ड प्रतिबद्धता "Here for Good" ले पनि उत्कृष्ट अभ्यास तथा नैतिकताको आधारमा संचालन हुने यस बैंकको प्रतिबद्धतालाई जाहेर गर्दछ ।

## बैंकको कार्यसम्पादनको परिदृश्य

### वित्तिय परिदृश्य*

| | आर्थिक बर्ष २०७५/७६ | आर्थिक बर्ष २०७४/७५ | वृद्धि |
|---|---|---|---|
| खुद मुनाफा | रु. २.४३ अर्व | रु. २.१९ अर्व | ११% |
| प्रति शेयर आम्दानी | रु. ३०.३९ | रु. २७.३३ | ११% |
| ग्राहकमा प्रवाहित कर्जा | रु. ५३.०९ अर्व | रु. ४४.५६ अर्व | १९% |
| ग्राहक निक्षेप | रु. ७५.७३ अर्व | रु. ६७.०६ अर्व | १३% |

* NFRS मापदण्ड बमोजिम तयार गरिएको वित्तीय विवरण

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालले हरेक बर्ष सन्तोषजनक कार्यसम्पादन गर्दै आएको छ। बैंकले सरकारी राजस्वमा व्यावसायिक करको रुपमा अघिल्लो वर्ष रु.९७.७० करोड योगदान गरेको थियो भने यस वर्ष रु.१.२ अर्व योगदान गरेको छ। कानुनी तथा नियमनकारी प्रावधान अनुरुप बैंकको संचालक समितिले रु.२.९ करोड सटही घटबढ कोषमा, रु.४८.७ करोड साधारण जगेडा कोषमा तथा रु.११.२ करोड नियामक कोषमा रकमान्तर गर्न प्रस्ताव गरेको छ। यसैगरी, संचालक समितिले २२.५० प्रतिशत नगद लाभांश वितरण गर्न प्रस्ताव गरेको छ र आवश्यक स्वीकृति प्राप्त भएपश्चात सो बराबरको रकम यस आर्थिक वर्षको वासलातबाट छुट्याइनेछ।

मुनाफाको बाँडफाँड गर्नु अघि यस बैंकको तह १ (Tier 1) तथा तह २ (Tier 2) पूँजी पर्याप्तताको अनुपात क्रमशः १८.३१ र १.३८ प्रतिशत गरी कुल अनुपात १९.६९ प्रतिशत रहेको थियो । हाम्रो पुँजीको अवस्था हाम्रो व्यवसायिक आवश्यकता पुरा गर्नलाई चाहिने भन्दा पर्याप्त रहेको र Basel III Capital Accord अनुसार नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम राख्नुपर्ने पूँजीको पर्याप्तता तथा अन्तर्राष्ट्रिय मान्यता भन्दा बढी रहेको छ।

### रणनीतिक प्राथमिकताहरुमा प्रगति हासिल गर्दै

हाम्रा अद्धितीय संजालको लाभ उठाउँदै नेपालमा आफ्नो व्यवसायलाई विस्तार गर्न खोजीरहेका विशेष गरी चीन र भारतका अन्तर्राष्ट्रिय व्यावसायिक संस्थाहरुलाई विशिष्ट सेवा प्रदान गर्न स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल सक्षम छ। जसको परिणाम स्वरुप बैंकले धेरै व्यवसाय हासिल गरिसकेको र धेरै आयोजनाहरु तयारी अवस्थामा रहेका छन् र यसबाट आगामी वर्षहरुमा स्वस्थ प्रतिफल प्राप्त गर्ने आधारस्तम्भ निर्माण भएको छ।

डिजिटाइजेशनद्वारा सेवा बढाउनको लागि बैंकले Big Data Analytics मा ठूलो लगानी गरेको छ, जसको Interactive Data Visualization उपकरणले कारोबारको रिपोर्टिङ्ग गर्ने तथा सूचना प्रणालीलाई र ग्राहकको पोर्टफोलियोलाई व्यवस्थित गर्ने कार्यलाई सहज बनाएको छ । यसबाट ग्राहकहरुको समग्र अनुभवलाई समृद्ध बनाउनेछ । हाम्रा ग्राहकहरुलाई सुलभ सुविधा प्रदान गर्न सन् २०१९ को अन्त्यसम्ममा आधुनिक विशेषताहरु सहितको नवीनतम मोबाइल एप्लिकेशन ल्याउने पनि हाम्रो योजना रहेको छ।

हाम्रो नवीन रणनीतिहरु हासिल गर्न मद्दत पुगोस् भनी यस बैंकमा आचरण र दिगोपनालाई जोड दिँदै कार्यसम्पादन मूलक र सिर्जनात्मक संस्कृति समाहित गर्न हामी प्रतिबद्ध छौं।

### नेपालको आर्थिक परिदृश्य

विश्वव्यापी परिदृश्यमा सन् २०१९ को सुरुवात निराशाजनक हुन पुग्यो । सुस्त आर्थिक वृद्धि, अनुमान भन्दा कम दरको मुद्रास्फिति तथा बढ्दो नकारात्मक जोखिमका कारण विश्वका केन्द्रीय बैंकहरुले सहज र खुकुलो मौद्रिक नीति अपनाउन थालेका छन् । विश्व आर्थिक वृद्धिमा अनुकुल तथा प्रतिकुल प्रभाव पार्ने मुख्य तीनवटा कारणहरु रहेको देखिन्छ, जसमा आफ्ना प्रमुख साझेदारहरुसँगको अमेरिकी व्यापार तनाव, विश्वका प्रमुख देशका केन्द्रीय बैंकहरुले जारी गर्ने नीतिहरु तथा तेलको मूल्य रहेका छन् । उपरोक्त तीनवटा तत्वहरुले मनोविज्ञान र आर्थिक क्रियाकलापहरु तथा लगानी एवं उपभोग जस्ता दुवै पक्षहरुमा प्रभाव पार्ने देखिन्छ । बजारमा व्यापारिक तनाव हावी भएको छ भने घट्दो मुद्रास्फितिका समस्यालाई केन्द्रीय बैंकहरुले सम्बोधन गरिरहेका छन् । कच्चा तेलको मूल्य प्रति ब्यारेल ५५ देखि ८० अमेरिकी डलरको बीचमा रहँदै आएको छ जसले हालको र संभावित मुद्रास्फिति सामान्यतया न्यून नै रहने देखिन्छ।

आर्थिक वर्ष २०७५/०७६ मा ७.१ प्रतिशत रहेको नेपालको कूल गार्हस्थ उत्पादन उपभोग र लगानीमा आएको कमीले गर्दा आ.व.२०७६/०७७ मा ६.२ प्रतिशतमा झर्ने अनुमान गरेका छौं। मध्यावधि परिदृश्य भने संरचनात्मक सुधारहरु भएकोले हामी सकारात्मक छौं। नेपाल पूर्वाधार बैंकको स्थापना, चीनसँग भएको पारवहन सम्झौतामा हस्ताक्षर, वैदेशिक लगानीकर्ताहरुको लागि लागू गरिएको एकद्वार प्रणाली तथा सार्वजनिक-निजी साझेदारी ऐन जारी जस्ता काम कारवाहीहरु प्रत्यक्ष वैदेशिक लगानी बढाउने दिशामा सकारात्मक कदमहरु हुन्।

## सुशासन र दिगोपन तर्फ केन्द्रित

बैंकको संस्थागत सुशासन अत्यन्त सुदृढ छ र यो हाम्रो दीर्घकालिन सफलताको अभिन्न अंग समेत रहेको छ। हामी हाम्रा ग्राहक, नियमनकारी निकाय, कर्मचारी तथा सरोकारवालाहरुसँगको सम्बन्धलाई उच्च महत्व दिन्छौ र यो सम्बन्धलाई अझ प्रगाढ बनाउन थप प्रयास गर्नेछौं।

नैतिकता तथा सुशासनको स्तर सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं। सुशासनले स्पष्टरुपमा उत्तरदायित्वको व्यवस्था गर्ने, बलियो नियन्त्रण सुनिश्चित गर्ने एवं असल व्यवहारलाई प्रोत्साहन गर्ने र कार्यसम्पादनमा सहयोग गर्ने कुरामा हामी विश्वस्त छौं।

नेपाल राष्ट्र बैकले जारी गरेको जोखिम व्यवस्थापन मार्गनिर्देशन तथा अन्य निर्देशनहरुलाई पालन गर्नुका साथै बैंकहरुको जोखिम व्यवस्थापनको क्षेत्रमा विकसित अन्तर्राष्ट्रिय नवीनतम् अभ्यासहरु अनुरुप स्ट्याण्डर्ड चार्टर्ड समुहको जोखिम व्यवस्थापन सिद्धान्त र मापदण्डहरुलाई समेत यस बैंकले अनुसरण गर्दै आएको छ।

व्यवसायिक वृद्धिको अलावा बैंकको एक मुख्य प्राथमिकता साइबर सुरक्षाको जोखिम व्यवस्थापन गर्ने, जोखिम व्यवस्थापन ढाँचा तथा क्षमतालाई मजबुत बनाउने पनि रहेको छ। हाम्रो व्यावसायिक लचकतालाई हाम्रो विगतको कार्यसम्पादनले पनि थप पुष्टि गरिसकेको छ। वित्तीय अपराधका विरुद्ध लड्नका निमित्त उचित प्रविधिमा लगानी गर्न बैंक प्रतिवद्ध रहेको छ जुन हाम्रो उच्च प्राथमिकता मध्ये पर्दछ।

यसका अतिरिक्त बैंकले आफ्नो कार्यसम्पादन र नवीन प्राथमिकताहरुको कार्यान्वयनको पुनरावलोकनको साथ साथै संचालक समितिले विविधिकरण र समावेशिता, स्वास्थ्य र सुरक्षा तथा सामूदायिक साझेदारी लगायतका विषयहरुमा पनि आफ्नो ध्यान केन्द्रित गरेको छ।

बैंकमा जोखिम व्यवस्थापनको प्रभावकारी प्रणाली सुनिश्चित गर्नको लागि जोखिम व्यवस्थापन प्रक्रियामा संचालक समितिदेखि विभिन्न विभाग तथा संचालन तहसम्मकै सक्रिय संलग्नता र सहभागिता रहेको छ।

बैंकले कर्जा, बजार, पूँजी तथा तरलता, संचालन, देश, प्रतिष्ठा, नियम पालना, व्यवहार, सूचना प्रविधि तथा साइवर सुरक्षा र वित्तिय अपराधलाई प्रमुख जोखिमको रुपमा पहिचान गरेको छ। यस्ता जोखिमहरुलाई Risk Type Frameworks (RTF) मार्फत् व्यवस्थापन गरिन्छ र सम्बन्धित जोखिम व्यवस्थापन गर्नका निमित्त Risk Framework Owners हरु नियुक्त गरिन्छ। जोखिम र प्रतिफलको सन्तुलन, जिम्मेवारी र जवाफदेहिता, संभावित जोखिमहरुको अनुमान र प्रभावकारी जोखिम व्यवस्थापनबाट हुने तुलनात्मक लाभ जस्ता सिद्धान्तहरु बैंकले जोखिम व्यवस्थापनका लागि अनुसरण गर्दै आएको छ। त्यसैगरी बैंकले जोखिम समितिलाई समेट्ने गरी स्ट्याण्डर्ड चार्टर्ड समूहको जोखिम व्यवस्थापन एवं नेपाल राष्ट्र बैंकको निर्देशन पनि अवलम्बन गरेको छ।

## संचालक समितिको संरचना

बैंकको संचालक समितिमा श्रीमती क्यारेन डि.एल्विस र श्री अनिरवान घोष दस्तिदारले स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज अष्ट्रेलियाको प्रतिनिधित्व गर्नु भएको छ भने स्वतन्त्र संचालकको रुपमा श्री कृष्णकुमार प्रधानले संचालक समितिमा प्रतिनिधित्व गर्नुहुन्छ। सर्वसाधारण शेयरधनीहरुको तर्फबाट श्री भरत कुवँरले प्रतिनिधित्व गर्नु भएको छ भने स्ट्याण्डर्ड चार्टर्ड बैंक संयुक्त अधिराज्यको प्रतिनिधित्व गर्ने म जितेन्दर अरोरा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालको संचालक समितिको अध्यक्षको जिम्मेवारीमा रहेको छु।

यो प्रतिवेदन प्रस्तुत गर्दाको मितिसम्म बैंकको विद्यमान संचालक समितिमा गैरकार्यकारी अध्यक्ष, एक जना

कार्यकारी संचालक तथा अन्य तीन जना गैरकार्यकारी संचालक रहनु भएको छ जसमध्ये प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, कम्पनी ऐन र नियमनकारी व्यवस्था बमोजिम नियुक्त हुनुभएका स्वतन्त्र संचालक र सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक हुनुहुन्छ ।

**आगामी दिनहरु**

मुलुकमा कायम राजनीतिक स्थिरता र सरकारको आर्थिक वृद्धिप्रतिको दृढ प्रतिवद्धता आफैमा उत्साहजनक रहेको छ। कानून र नियमन प्रणाली सुधार गरी मुलुकमा वैदेशिक लगानी आकर्षित गर्ने सरकारी पहल तथा सार्वभौम (मुलुक) क्रेडिट रेटिङ्ग प्रणालीको सुरुवात एवं मुद्रा हेजिङ्ग गर्ने संयन्त्रको सुरुवात लगायत नेपाललाई विश्व बजारमा सामेल गराउने सकारात्मक पहलहरु साँच्चै नै उत्साहजनक छन् ।

विश्व बजारमा सामेल हुने दिशामा नेपाल अघि बढिरहेको अवस्थामा ग्राहकहरुलाई हाम्रो अन्तरदेशीय क्षमता तथा संजालहरुबाट लाभ लिनका लागि सहयोग गर्ने अवस्थामा बैंक रहेको छ । साथै, वित्तीय सेवाको क्षेत्रमा अवलम्बन गरिएका प्राविधिक परिवर्तनहरुले ग्राहकको अपेक्षा तथा आवश्यकतामा समेत परिवर्तन ल्याएको छ । नेपालका युवा डिजिटल उद्यमीहरुलाई लक्षित गरी बैंकले आफ्नो डिजिटल डेलिभरी मोडल अन्तरगत विभिन्न गतिविधिहरु आरम्भ गरिसकेको छ ।

हाम्रो सुदृढ वासलात तथा मजबुत पूँजीगत अवस्था तथा विविधतायुक्त हाम्रो व्यवसायिक पोर्टफोलियोले गर्दा भविष्यमा सिर्जना हुन सक्ने प्रमुख बाह्य चुनौतीहरुलाई परास्त गर्न सक्ने कुरामा हामी आशावादी छौं । विद्यमान प्रणालीमा नवीनतम प्रक्रियाहरु भित्र्याई सम्भावित चुनौती वा जोखिमसँग सामना गर्ने बैंकको क्षमतामा वृद्धि गर्ने कार्यलाई समेत बैंकले प्राथमिकतामा राखेको छ ।

सशक्त आर्थिक सूचक, युवा पुस्ताको ठूलो हिस्साले ओगटेको कामकाजी जनसंख्या र उदीयमान विश्वका दुई ठूला अर्थतन्त्रहरुका बीचमा रहेको वृहत् व्यापारिक सम्भाव्यता निहित मुलुक नेपाल आफैंमा एक आकर्षक बजार हो । संसारका प्रमुख व्यापारिक बैंकहरुमध्ये हाम्रो बैंक पनि एक भएकोले हाम्रो अद्वितीय व्यावसायिक स्वरुप मार्फत् नेपालको वृद्धिको अपेक्षालाई सम्बोधन गर्न मद्दत गरेको छ । सिर्जना भएका नयाँ अवसरहरुलाई पहिचान गर्न, देशमा भएका डिजिटल अवसरहरुको वृद्धि अनुरुप डिजिटल तथा प्राविधिक परिवर्तनहरुलाई प्राथमिकता दिन र आफ्ना ग्राहकहरुको लागि आकर्षक योजनाहरु विकास गर्नमा बैंक सदैव लागिरहेको छ ।

उदयमान बजार अर्थतन्त्रको वृद्धिलाई थप गति प्रदान गर्न अन्तर्राष्ट्रिय बैंकहरुको योगदान रहने कुरालाई व्यापक रुपमा स्वीकार गरिएको छ । हाम्रो विश्वव्यापी उपस्थिति र सशक्त संजाल सम्बन्धले हामीलाई संसारभर व्यापार र लगानीलाई अघि बढाउनका लागि तुलनात्मक लाभ प्रदान गरेको छ। हामी हाम्रा ग्राहकहरुलाई विभिन्न प्रकारबाट सहयोग गर्दै नेपालको आर्थिक वृद्धिलाई टेवा पुऱ्याउन विश्वव्यापी संजाल र सम्बन्धहरुलाई बढाउन प्रतिवद्ध छौं ।

अन्त्यमा, आर्थिक वृद्धिका लागि वित्तीय खर्च र लगानी पनि बढ्ने अपेक्षा गर्दछौं । त्यसरी नै मध्यपूर्व र दक्षिण पूर्वी एशियाली राष्ट्रहरुवाट भित्रिने विप्रेषणको आम्दानीले मुलुकमा आर्थिक वृद्धि गर्न र अर्थतन्त्रलाई मजबूत बनाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । राष्ट्रिय बचत दर, पूँजी निर्माण तथा नोक्सानी अन्तरसँग प्रत्यक्ष सरोकार राख्ने जस्ता आर्थिक वृद्धि गराउने सूचकहरु राम्रा देखिएका छन् । पर्यटन क्षेत्रलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्नको लागि पूर्वाधारहरुको सुधार गर्ने काम सरकारले शुरु गरेको छ, जसले मुलुकको अर्थतन्त्रको लगातारको वृद्धिमा टेवा पुऱ्याउनेछ ।

**निष्कर्षमा**

हाम्रो प्रमुख लगानीको क्षेत्रहरुको वृद्धि भइरहेको कारण आर्थिक वर्ष २०७६/७७ को शुरुवातमा हामी उत्साहित छौं। नेपालमा हामीले प्राप्त गर्न सक्ने महत्वपूर्ण अवसरहरु अझै बाँकी छन् र हाम्रो बैंकले त्यस्ता अवसरहरुलाई हासिल गर्नेमा विश्वस्त छौं ।

हाम्रो विश्वबजारमा रहेको अन्तर्राष्ट्रिय संजालले रणनैतिक रुपमा विश्वका दुई ठूला अर्थतन्त्रहरुको बीचमा रहेको नेपालको अन्तरदेशीय व्यवसायमा सहयोग पुऱ्याएको

छ । स्थिर आर्थिक वृद्धि र युवावर्गको बढ्दो जनसंख्याको कारणले नेपालको भविष्य प्रति हामी अत्यन्त उत्साहित छौ । द्रूत शहरीकरण र पूँजीको वृद्धिले गर्दा रिटेल बैंकिङ्गको अवसरहरु झनै बढेका छन् ।

आम्दानीको वृद्धि, खर्चको व्यवस्थापन गर्दै दक्षता अभिवृद्धि र प्रविधि मार्फत समाधानको अन्वेषणमा हामी केन्द्रित छौं । हाम्रो पूँजी र तरलताको अवस्था मजबुत छ र हाम्रो जोखिम बहन गर्ने क्षमतालाई उचित तरिकाले व्यवस्थापन गरिएको छ । अधिकतम आर्थिक लाभ प्राप्त गर्ने उद्देश्य सहित हामी खर्च नियन्त्रण गरी लगानीलाई पूर्ण रुपमा प्रतिफल मूलक बनाउने योजनामा छौं ।

उक्त परिवर्तनहरुको साथसाथै बैंकको संस्कृतिलाई मूल्य उत्कृष्टतासँग आबद्ध गरिएको छ । हाम्रा अमूल्य आचरणहरु Do the Right Thing, Never Settle and Better Together ले हामीलाई सदैव असल निर्णय गर्न निरन्तर अभिप्रेरित गर्दछ, नतिजाका लागि एकआपसमा उत्तरदायी बनाउँछ तथा निरन्तर सुधार गर्न सहयोग पुऱ्याउँछ । उत्कृष्टता र स्तरीयतामा निरन्तर जोड दिँदै हामी सँधै ग्राहकहरुलाई अग्रपंक्तिमा राख्न प्रतिबद्ध छौं । हामीले अंगालेका यी मान्यताहरु विश्वव्यापी रुपमा ग्राहकको सन्तुष्टि, साख र वफादारीताको रुपमा मुखरित भएको हामीले अनुभुत गरेका छौं । अन्तमा, हामी बजारका समस्याहरु समाधान गर्न र विरासत सिर्जना गर्ने कुरामा पनि दृढ विश्वास गर्दछौं ।

हाम्रा ग्राहक र शुभेच्छुकहरुबाट प्राप्त गरेका सकारात्मक प्रतिक्रियाहरुमा हामीले हाम्रा मूल्य मान्यता र प्राथमिकताहरु प्रकट भएको पाउँछौं । हामीले सेवा प्रदान गर्दै आएका क्षेत्रहरुमा हामीले प्रदान गर्ने सेवा तथा प्रविधिका लागि हाम्रो उच्च मूल्यांकन भएको पाइन्छ । साथै, चुक्ता पूँजीको वृद्धि पश्चात् हामीसँग मजबुत वासलात पनि छ, जसले हामीलाई आर्थिक अस्थिरता सामना गर्ने क्षमता प्रदान गरेको छ र भावी अवसरहरु हासिल गर्न सक्षम बनाएको छ ।

अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र अरु नियमनकारी निकायहरुबाट प्राप्त अमूल्य सहायता र मार्गदर्शनले हामीलाई ठूलो सहयोग पुऱ्याएको छ । नेपालको वित्तीय क्षेत्रहरुको स्तर वृद्धि गर्नको लागि ती निकायहरुबाट भएका प्रयत्नहरु प्रति हामी आभार प्रकट गर्दछौं ।

धन्यवाद,

**जितेन्दर अरोरा**
**अध्यक्ष**

### आ.व.२०७५/७६ का वित्तीय उपलब्धिहरु

| | रु. हजारमा | | % परिवर्तन |
|---|---|---|---|
| | आषाढ ३२, २०७५ | आषाढ ३१, २०७६ | |
| संचालन मुनाफा | ३,०१७,४६४ | ३,४७७,६२७ | १५.२५% |
| कर्जा नोक्सानी व्यवस्थामा रकमान्तर | ७४,८८९ | ८८,२३८ | १७.८३% |
| कर व्यवस्था | ८३१,५९६ | १,०४०,०१२ | २५.०६% |
| नोक्सानी व्यवस्था र करकट्टा पछिको खुद आय | २,१८९,८९८ | २,४३४,६६५ | ११.१८% |
| बोनस शेयर निष्कासन | - | - | ०.००% |
| प्रस्तावित नगद लाभांश | १,४०२,००० | १,८०२,५७२ | २८.५७% |

### कम्पनी ऐन (पहिलो संशोधन), २०६३ को दफा १०९ अनुसारको थप जानकारी

**प्रतिवेदन तयार भएको मिति सम्मको चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराका सम्बन्धमा संचालक समितिको धारणा :**
यसैसाथ संलग्न संचालक समितिको प्रतिवेदन हेर्नुहोला ।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो ***त्रैमासिक*** को लेखापरीक्षण नगरिएको उपलब्धि परिणाम यस प्रकार छ :-

| | **रू. हजारमा** |
|---|---|
| कर्जा तथा सापटि | ५४,२८०,०७५ |
| निक्षेप | ७६,४३०,३४२ |
| संचालन मुनाफा | ९२०,१६० |
| बोनस र कर कट्टाअघिको मुनाफा | १,०२२,३९९ |
| खुद मुनाफा | ६४४,११२ |

**बिगत वर्षको कारोबारको सिंहावलोकन :**
यसै प्रतिवेदन साथ संलग्न संचालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**
सारभूत रुपमा प्रत्यक्ष असर नपरेको ।

**कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :**
कम्पनीले आफ्ना ग्राहक, कर्मचारी तथा नियामक निकायहरुसँग राम्रो व्यवसायिक सम्बन्ध कायम गरेको छ । कम्पनीका वरिष्ठ व्यवस्थापकहरुले नियमनकारी निकायहरुका विभिन्न परिषद, समिति र उप-समितिहरु, पेशागत संघ संस्थाहरु तथा मञ्चहरुमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने गरेका छन् ।

यो कम्पनी नेपाल बैंकर्स एसोसिएसन, उद्योग वाणिज्य महासंघ, नेपाल-ब्रिटेन उद्योग वाणिज्य संघ, नेपाल उद्योग परिसंघ, नेपाल-भारत उद्योग वाणिज्य संघ, नेपाल व्यवस्थापन संघ तथा नेपाल कम्पनी सेक्रेटरी संस्थासँग आवद्ध रहेको छ ।

**संचालक समितिमा भएको परिवर्तन र सोको कारण :**
यस आ.व. मा संस्थापक शेयरधनीको तर्फबाट नियुक्त एक जना संचालकले राजिनामा दिनुभएको र उक्त रिक्त स्थानमा अर्को संचालक नियुक्त हुनु भएको । संचालक समितिले बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १४(ख) बमोजिम रिक्त स्थानमा सर्वसाधारण शेयरधनी मध्येबाट नियुक्त संचालकलाई बैंकको २०७५ माघ ७ मा सम्पन्न साधारण सभाले निजको स्थानमा अर्को संचालक नियुक्त गरीएको ।

**कारोबारलाई असर पार्ने मुख्य कुराहरू :**
यसै प्रतिवेदन साथ संलग्न संचालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको ।

**लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया :**
लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित कैफियतहरुका सम्बन्धमा अन्यथा कुनै प्रतिक्रिया नभएको ।

**लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
बैंकको संचालक समितिले शेयरधनीहरुलाई रु. १,८०२,५७१,९००/- कर सहित नगद लाभांशको माध्यमबाट वितरण गर्ने प्रस्ताव गरेको छ ।

**शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सोको विवरण :**

यस आर्थिक बर्षमा कुनै पनि शेयर जफत नभएको ।

**विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक बर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**

बैंकको कुनै पनि सहायक कम्पनी नभएको ।

**कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

बैंकको कुनै पनि सहायक कम्पनी छैन र यस अवधिमा कम्पनीको व्यवसायमा कुनै पनि महत्वपूर्ण परिवर्तन भएको छैन ।

**विगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

स्ट्याण्डर्ड चार्टर्ड बैंक समुह बाहेक अन्य कुनै पनि शेयरधनीले कम्पनीको चुक्ता पुँजीको १ प्रतिशत भन्दा बढी शेयर खरिद नगरेको हुँदा बैंकमा कुनै पनि आधारभूत शेयरधनी छैनन् । यस सम्बन्धमा स्ट्याण्डर्ड चार्टर्ड समुहबाट कुनै पनि जानकारी प्राप्त भएको छैन ।

**विगत आर्थिक बर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

नभएको । संचालक र पदाधिकारीहरुले कम्पनी समक्ष गरेको घोषणा अनुसार आर्थिक बर्ष २०७५/७६ मा बैंकको शेयर कारोबारमा उहाँहरुको संलग्नता नभएको ।

**विगत आर्थिक बर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

संचालक र निजको नजिकको कुनै नातेदारबाट त्यस्तो कुनै पनि जानकारी प्राप्त नभएको ।

**कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :**

समिक्षा बर्षमा कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

यस बैंकमा आन्तरिक नियन्त्रण प्रणाली रहेको । यसै प्रतिवेदन साथ संलग्न संचालक समितिको प्रतिवेदनमा समेत संक्षिप्तमा उल्लेख गरीएको ।

**विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

यस आर्थिक बर्षको व्यवस्थापन खर्च रु. १,६४५,७४६,७३२/- (आर्थिक विवरणको अनुसुची ४.३६, ४.३७ र ४.३८ अनुसार कुल कर्मचारी खर्च (कर्मचारी बोनस समेत), अन्य सञ्चालन खर्च र ह्रासकट्टी तथा परिशोधन रहेको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

लेखापरीक्षण समितिको गठन, पारिश्रमिक, भत्ता तथा सुविधा यस प्रकार छ :

| लेखापरीक्षण समितिका सदस्य | सम्पन्न बैठक ४ | भुक्तान भएको बैठक भत्ता |
|---|---|---|
| क्यारेन डि एल्विस[१], अध्यक्ष | ५ | बैठक भत्ता लिने नगरेको |
| अमृत कुमारी थापा[२], सदस्य | ४ | रु. ५०,०००/- (कर समेत) |
| भरत कुँवर[३], सदस्य | १ | रु. १२,५००/- (कर समेत) |
| श्रीप्रसाद भण्डारी, सदस्य सचिव | ५ | बैठक भत्ता लिने नगरेको |

[१] समितिको दुईवटा बैठकमा भिडियो कन्फ्रेन्सिङ्गको माध्यमबाट उपस्थित हुनुभएको ।

[२] ७ माघ २०७५ मा बैंकको संचालक समितिबाट हट्नुभएको ।

[३] ७ माघ २०७५ मा बैंकको संचालक समितिमा नियुक्त हुनुभएको ।

**अन्य कुराका अतिरिक्त आर्थिक वर्ष २०७५/०७६ मा लेखापरीक्षण समितिले निम्न कार्यहरु सम्पन्न गरेको छ :**

- बैंकको आन्तरिक नियन्त्रण प्रणालीको समिक्षा गरी संचालक समितिमा प्रस्तुत गरेको ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उठाइएका समस्याको समिक्षा गरी समाधानका लागि व्यवस्थापनलाई निर्देशन दिएको ।
- लेखापरीक्षण योजनाको अनुरुप आन्तरिक लेखा विभागले गरेका कार्यको समिक्षा गरेको ।
- लेखापरीक्षण समितिको कार्य विवरणको समिक्षा गरी अनुमोदन गरेको ।
- लेखापरीक्षण विधिमा भएका महत्वपूर्ण परिवर्तनलाई समिक्षा र अनुमोदन गरेको ।
- संशोधित लेखापरीक्षणको कार्यविवरण लाई समिक्षा गरी अनुमोदन गरेको ।
- जोखिम मुल्यांकन र नियमनकारी व्यवस्थाका आधारमा वार्षिक लेखापरीक्षण योजनाको समिक्षा गरेको ।
- लेखापरीक्षण टोलीको श्रोतसाधन तथा विकास गतिविधिको समिक्षा गरेको ।
- नेपाल राष्ट्र बैंकको निरीक्षण टोली र वाह्य लेखापरीक्षकको निष्कर्षको समिक्षा गरी उठाइएका विषयहरुको समाधानका लागि व्यवस्थापनलाई निर्देशन दिइएको ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनमा उठाइएका विषयवस्तुको स्थितिको समिक्षा गरेको ।
- संचालक समिति मार्फत बैंकको वार्षिक साधारण सभामा वाह्य लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्नका लागि सिफारिस गरेको ।
- त्रैमासिक र वार्षिक वित्तीय विवरणहरु, प्रमुख वित्तीय सूचक र कर्जा नोक्सानी प्रावधानको पर्याप्तताको समिक्षा गरेको ।
- उच्च जोखिम, आइपर्ने जोखिम र राष्ट्रिय विषय र यस्ता जोखिमको न्यूनीकरण गर्नका लागि व्यवस्थापनको कार्ययोजनाको उपयुक्तताको बारेमा समिक्षा र छलफल गरेको ।
- नियामक क्षेत्रमा भएका परिवर्तनहरु, स्थापित हुँदै गरेका नियामक हटस्पटहरु, नियामक व्यवस्थाहरुको उल्लङ्घन र बैंकको परिपालनाको अवस्थालाई बुझ्नका लागि परिपालना अनुगमन प्रतिवेदनको समिक्षा गरेको ।
- वित्तीय अपराध परिपालना प्रतिवेदनको समिक्षा गरेको ।
- वार्षिक परिपालना योजनाको समिक्षा गरेको ।
- ठगी र बैंकको नोक्सानी पुर्‍याएको मुद्दाको समिक्षा गरेको ।
